# "कस्तुरी मृग संरक्षणमा हातेमालो गरौं"

# SAVE THE ALPINE MUSK DEER

## कस्तुरी मृग संरक्षण किन गर्ने ?

- ✔ विश्वमा नै संकटापन्न "Endangered" अवस्थामा रहेकाले ।
- ✔ भावी पुस्ताले कस्तुरी मृग प्राकृतिक वासस्थानमा देख्न पाउने सुनिश्चितताको लागि ।
- ✔ कस्तुरी मृगको अवलोकनबाट पर्या-पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको जिविकोपार्जन र विकासमा टेवा पुऱ्याउन ।
- ✔ अध्ययन अनुसन्धान गर्न ।

## कस्तुरी मृग संरक्षण कसरी गर्ने ?

- ✔ अव्यवस्थित चरीचरण तथा वनडढेलो नियन्त्रण गर्ने ।
- ✔ वासस्थानको नियमित अनुगमन गरी चोरी सिकार नियन्त्रण गर्ने ।
- ✔ स्थानीयको वनजङ्गल प्रतिको निर्भरता हटाउने ।
- ✔ संरक्षण सम्बन्धमा जनचेतना अभियान सञ्चालन गर्ने ।




The Rufford Foundation

www.rufford.org @ruffordgrants

थप जानकारीको लागि

किरण थापा मगर

सम्पर्क नं: ९८४५३४२९३५

ईमेल : kiranmaski935@gmail.com

- कानुनको प्रभावकारी रुपमा कार्यान्वयन गरी जिवजन्तुको चोरी शिकार तथा पासो थाप्ने जस्ता कार्यहरुलाई निरुत्साहित गर्ने ।
- कस्तुरी मृगको महत्वबारे स्थानीय स्तरमा जनचेताना फैलाउने ।
- वैकल्पिक उर्जाको प्रयोग गरी वनजंगल प्रतिको निर्भरता हटाउने ।
- मूख्य वासस्थानलाई जैवीक विविधताको केन्द्र (Biodiversity Hotspot Zone) बनाई त्यस क्षेत्रमा चरीचरन, जंगल फडानी, विकासका गतिविधिहरु गर्न निषेध गरिने ।
- विद्यालय स्तरमा कस्तुरी मृग संरक्षण सम्बन्धि कार्यत्रम गरी विद्यार्थीमा चेतना जगाउने ।

**संरक्षणका अवस्था :**

- अन्तर्राष्ट्रिय प्रकृति संघ (International Union for Conservation of Nature and Natural Resources - IUCN) को रातो सुचीमा संकटापन्न (Endangered) वन्यजन्तुको रुपमा सूचीकृत गरिएका छ । जसको अर्थ संरक्षणको अभावमा यिनीहरु निकट भविष्यमा नै लोप हुने अवस्थामा रहेको भन्ने बुझिन्छ ।
- दुर्लव वन्यजन्तु तथा वनस्पतीको अवैध व्यापार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धी (Convention on International Trade in Endangered Species of wild fauna and flora - CITIES) ले अनुसूची-१ मा समावेस गरिएको छ ।
- नेपालमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित वन्यजन्तुको सुचीमा राखेको छ ।
- नेपालको कानुनमा कस्तुरी मृगलाई मारेमा वा कुनै प्रकारले हानी गरेमा ५० हजार देखि १ लाख रुपैयाँसम्म जरिवाना वा ५ देखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने प्रावधान रहेको छ ।

**थप जानकारीको लागि**
किरण थापा मगर
मोबाइल नम्बर : ९८४५३४२९३५
E-mail: kiranmaski935@gmail.com

विश्वबाटनै संकटापन्न (Endangered) अवस्थामा रहेको सुनकण्ठे कस्तुरी मृगको संरक्षण, हामी सबैको दायित्व


तस्विर: प्रताप गुरुङ

# सुनकण्ठे कस्तुरी मृग संरक्षणमा हातेमालो गरौ ।

The Rufford Foundation
www.rufford.org @ruffordgrants

कृपया कस्तुरी मृग सम्बन्धि कुनै सुचना भए हामीलाई जानकारी गराईदिनु हुन अनुरोध गर्दछौं ।




Source: lamsal *et al.* 2018

नेपालमा कस्तुरी मृग पाईने संरक्षित क्षेत्रहरु

# परिचय

नेपाली नाम : सुनकण्ठे कस्तुरी मृग

अंग्रेजी नाम : Alpine Musk Deer

वैज्ञानीक नाम : *Moschus Chrysogaster*

वर्तमान संख्याको अवस्था : घट्दो क्रममा (↓)

## शरीरको बनावट :

लामो कान, छोटो पुच्छर, खैरो रङ, २ वटा तिखा दाह्रा (Canine Teeth) हुन्छ । सिंह हुँदैन । अगाडिको खुट्टा छोटो र पाछाडिको खुट्टा लामो हुन्छ ।

## वयस्क अवस्थामा शरीरको

लम्बाई : ८६ देखि १०० सेमी

उचाई : ५१ देखि ५३ सेमी

पुच्छर : ४ देखि ६ सेमी

तौल : १० देखि १८ के.जी.

प्रजनन् योग्य : १६ देखि २४ महिना

प्रजनन् समय : कात्तिकदेखि माघ महिनासम्म

गर्भाधारण अवधि : १७८ देखि १९८ दिन (सामान्यतया एक बच्चा जन्माउने)

## आहार/खाना :

पात, कोपीला, टुसा, रुखका बोक्रा, फूल, हाँगा, झ्याउ, लेउ आदी

## पाइने देशहरु:

नेपाल, भुटान, भारत र चीन

## नेपालमा फैलावट :

समुद्र सतहबाट २५०० मीटरदेखि ४५०० मिटरसम्मको हिमाली क्षेत्रमा पाईन्छ । यसको मूख्य बासस्थान भोजपत्र, ठिंगुरे सल्ला र धुपीको जंगल हो ।

## बानी व्यहोराहरु:

- एक्लै विचरण गर्न मन पराउने अनि लजालु प्रकृतिको हुन्छ ।
- प्रायजसो विहान र बेलुकी सक्रिय हुन्छ ।
- भालेले वासस्थानको लागि सिमित क्षेत्र निर्धारण गर्छ र उक्त क्षेत्रमा अन्य भालेलाई निषेध गर्छ ।
- प्रायजसो एकैठाउँमा दिसा गर्छ ।



कस्तुरी मृगको दिसा

## संरक्षणको चुनौतीहरु:

- चोरी शिकार ।
- वनविनाश तथा अव्यवस्थित चरिचरन र वन डढेलो ।
- संरक्षण सम्वन्धि जनचेतनाको अभाव ।
- वातावरणको ख्याल नगरी गरिने विकास निर्माणका कार्यहरु ।
- गैर काष्ठ वन पैदावार/जडिबुटि संकलनकर्ताहरुको अत्याधिक चाप ।



## किन संरक्षण गर्ने:

- विश्वमा नै संकटापन्न "Endangered" अवस्थामा रहेकाले ।
- भावी पुस्ताले कस्तुरी मृग प्राकृतिक वासस्थानमा देख्न पाउने सुनिश्चितताको लागि ।
- कस्तुरी मृगको अवलोकनबाट पर्या-पर्यटन प्रवर्द्धन गरी स्थानीय समूदायको जिवीकोपार्जन र विकासमा टेवा पुऱ्याउन ।
- अध्ययन अनुसन्धान गर्न ।

## कस्तुरी मृग संरक्षणका उपायहरु:

- वन डढेलो, वन फडानी, अव्यवस्थित चरीचरन नियन्त्रण गर्ने ।



सुनकण्ठे कस्तुरी मृग संरक्षण तथा जनचेतना कार्यक्रम
Alpine Musk Deer Conservation and Awareness Program
"संकटापन्न अवस्थामा रहेको
सुनकण्ठे कस्तुरी मृगको संरक्षण गरौं"
The Rufford Foundation
www.rufford.org @ruffordgrants
थप जानकारीको लागि
किरण थापा मगर
सम्पर्क नं: ९८४५३४२९३५
ईमेल : kiranmaski935@gmail.com